# एक अर्बको प्रलोभन आयो तर आफैं कालोमोसो दल्न हुँदैन भनेर इन्कार गरेँ : वनमन्त्री आले

*उदयपुर, १८ फागुन*

वन तथा वातावरण मन्त्री प्रेम आले मगरले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज नगर्न भनी आफूलाई एक अर्ब रुपैयाँको प्रलोभन देखाएको दाबी गरेका छन् । मंगलबार सामुदायिक वन उपभोक्ता महासंघको आठौं राष्ट्रिय परिषदममा मन्त्री आलेले आफूलाई वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमलाई खारेज नगर्न आर्थिक प्रलोभन आएको बताएका हुन् । आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि काठ व्यवसायी र वनका केही बदमास कर्मचारीले भेट्न प्रयास गरेको उनको भनाइ छ । 'जुन दिनमा मैले पद बहाली गरेँ, त्यही दिनदेखि काठ व्यवसायीदेखि लिएर वनका केही बदमास कर्मचारीहरुले मलाई भेट्ने प्रयास गरे । भेटौं मन्त्री ज्यू भेटौं भने, तर मैले कसैलाई भेटिन,' उनले भने, 'पछि कुरा कतिसम्म आयो भन्दा हामी १ अर्ब पैसा उठाएर दिन्छौं भन्ने कुरा पनि आयो । तर, मैले एक अर्ब पैसा समाएर आफ्नो मुखमा आफैं कालोमोसो दल्न हुँदैन भनेर इन्कार गरेँ । गत माघ दोस्रो हप्ता बसेको मन्त्रिपरिषद् बैठकले 'वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१' लाई खारेज गरेको थियो ।

## कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
कटारी उदयपुर
१ नं.प्रदेश नेपाल

**प्रथम पटक प्रकाशित मिति २०७७११।१९ गते**

**कृषि यन्त्रउपकरण खरिद सम्बन्धि सिलबन्दि दरभाउपत्र आह्वानको सुचना**

यस कटारी नगरपालिकाको १४ नं.वडा अर्न्तगत चालु आ.व.२०७७।०७८ को लागि स्विकृत कार्यक्रम अनुसार कृषकहरु लाई कृषि यन्त्रउपकरण वितरण गर्नु पर्ने भएको हुँदा तपसिल सामाग्री सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले कृषि यन्त्रउपकरणको व्यवसाय गर्ने सम्बन्धित इच्छुक कम्पनी, सप्लायर्सहरुबाट यो सुचना प्रकाशित मितिले १५ औं दिन र सो दिन बिदा परे सोको भोलिपल्ट १२ बजे सम्म कार्यालय समय भित्र यस कटारी नगरपालिकाको कार्यालय, कटारी, उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि दरभाउपत्र खरिद गरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | विवरण | संख्या | जम्मा मुल्य मु.अ.कर सहित |
|---|---|---|---|
| ०१/२०७७/०७८ | मिनिटिलर ९ एच.पी. | १२ थान | १२,००,०००। |

**शर्तहरु :**

१. यस कार्यालयको स्वीकृत कार्यक्रममा स्वीकृत भएको सामाग्रीहरु खरिद गर्न परेकोले रु.१०००।- अक्षरेपी एक हजार रुपौया मात्र शुल्क बुझाई फर्म दर्ता,प्यान दर्ता/मु.अ.कर दर्ता उत्पादक वा अधिकारिक बिक्रेताको प्रमाणपत्र, आ.व.२०७६/०७७ सम्मको कर चुक्ता र आ.ब.२०७७/०७८ सम्मका लागि फर्म नविकरण भएको प्रमाणित प्रतिलिपीहरुको साथ पेशागत कसुरमा कुनै सजाय नपाएको स्वघोषणा पत्र संलग्न राखि सिलबन्दि दरभाउपत्र फारम यस नगरपालिका बाट १५ औ दिन सम्म खरिद गर्न सकिने छ ।
२. प्रथम पटक सूचना प्रकाशित भएको मितिबाट १५औ दिनको दिउसो १२ बजेसम्म सिलबन्दि दरभाउपत्र दाखिला भैसक्नु पर्ने छ ।
३. सोहि दिनको दिउसो २ बजे यस कार्यालयमा सम्बन्धित प्रतिनिधि र सिलबन्दि दरभाउपत्र दाताको रोहवरमा
सिलबन्दि दरभाउपत्र खोलिने छ ।
सिलबन्दि दरभाउपत्र दाता वा निजकोप्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दि दरभाउपत्र खोल्ने बाधा पर्ने छैन ।
४. सिलबन्दि दरभाउपत्र मा अंकित रकमको न्यूनतम २.५% धरौटी बापत यस कटारी न.पा.को नाममा
रा.बा.बैंक,कटारीमा रहेको धरौटी खाता नं.२०५०१००३०३००००००२ मा जम्मा गरी सो को सक्कलै बैंक भौचर
सिलबन्दि दरभाउपत्र साथ पेश गर्नुपर्ने छ वा कम्तिमा ९० दिन म्याद भएको
जमानत पत्र (बिडबण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ ।
५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने साथै खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि
कार्यालय खुलेको दिनसोहि समयमा गरिनेछ ।
६. सिलबन्दी बोलपत्रमा दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई
मान्यता दिईनेछ ।
७. कुनै पनी कारण जनाई वा नजनाई सिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार यस
नगरपालिकामा निहित रहने छ ।
८. स्वीकृत सिलबन्दि दरभाउपत्र दाताले तोकिएको सामानहरुको specification बमोजिम आपुर्ति गरिएको सामान गुणस्तर युक्त भए/नभएको सम्बन्धमा यस नगरपालिकाले मान्यता प्राप्त बिषयगत विज्ञबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ ।
९. यो सुचनामा उल्लेख भएका कुराहरु यसै सुचना बमोजिम र अन्यहरुको हकमा सिलबन्दि दरभाउपत्र सम्बन्धि कागजात सार्वजनिक खरिद ऐन,२०६३(संशोधन सहित)/ नियमावलि ,२०६४(संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. यस सम्बन्धी विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस नगरपालिकाको कृषि शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# स्व.वडाध्यक्ष मगरको स्मृतिमा भलिबल प्रतियोगिता

*उदयपुर, १८ फागुन*




कोरोना महामारीले भर्खरै तंरिएको जनजीवनलाई सहजता तुल्याउँदै बिस्तारै विविध प्रकारका गतिविधिहरु पनि सञ्चालन हुन थालेका छन् । सोही अनुसार चौदण्डीगढीमा खेलकुद जगतले विस्तारै प्राथमित्ता पाउँदै गएको अवस्था छ । भर्खरै बसाहामा चौथौ मेयर कप व्याडमिन्टन प्रतियोतीता सम्पन्न भएलगत्तै स्थानीय युवाहरुको आयोजनामा तेस्रो बेल्टार मिनी गोल्ड कप शनिबारदेखि शुरु भएको छ ।

त्यस्तै चौदण्डीगढी नगरपालिका वडा नं. ८ सिद्धिपुरका स्व. वडाध्यक्ष श्याम खपांगी मगरको स्मृतिमा भलिबल प्रतियोगीता हुने भएको छ । चैत १ गतेदेखि ३ गतेसम्म वीरेन्द्र बजारको खेल मैदानमा सो प्रतियोगीताको आयोजना गर्न लागिएको सोमबार पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

प्रतियोगीतमा खोटाङ्ग, भोजपुर, सुनसरी र उदयपुरकै बेलका र त्रियुगा नगरपालिका र आयोजक गरी १२ समूहले सहभागी जनाउँने बेल्टारको चौदण्डी दरबार पार्टी प्यालेसमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । अनुमानित ४ लाख रुपैया लाग्ने बजेट व्यवस्थापन भने वडा र नगरपालिका र केही शुभेच्छुक संघ संस्था र व्यक्तिबाट संकलन गरेर आयोजना गर्न लागेको प्रतियोगीताको संयोजक विवस राईले जानकारी दिए ।

उपलप्रतियोगीतामा प्रथम, द्धितिय र तृतिय हुने समूहले क्रमश ३०, २० र १० हजार नगदसहित ट्रफ़ी, मेडल प्रमाण-पत्र प्राप्त गर्ने छन् । कोरोना महामारी कारण खेलकुद गतिविधिहरु ठप्प भएको अवस्थामा संक्रमण केही मत्थर भएपछि छिटफुटरुपमा खेलकुद प्रतियोगीताहरु सञ्चालन हुन थालेका हुन् ।

नगर खेलकुद शाखाले कोरोनाकै कारणले आफ्नो विभागीय कार्यालय स्थापना गर्न अहिलेसम्म नसकेको पत्रकार सम्मेलनमा उपस्थित शाखाका अध्यक्ष शशिचन्द्र राईले बताए । अध्यक्ष राईका अनुसार अबदेखि मेयर कप नहुने भएको छ । जुन उदेश्यले नगरपालिकाले आयोजना गर्दै आएको मेयर कप भनेको विशुद्ध युवा खेलाडी उत्पादन गर्ने थियो तर उदेश्य भन्दा फरक भएकोले उप मेयर कपमा (डाइभर्ड) गर्नु पर्ला भन्ने सोँचमा रहेको अध्यक्ष राई बताउँछन् ।

अध्यक्ष राईले चैतबाट खेलकुद महोत्सव आयोजना गर्ने सोच बनाउँदा बनाउँदै कोरोनाकै कारणले सोच पनि परिवर्तन हुन पुगेको बताए । आयोजित पत्रकार सम्मेलनमा वडा सदस्य बासुदेव राई, भलिबल संयोजक सन्तोष राई, स्व. अध्यक्ष मगरका साईला छोरा बालकृष्ण मगर र नेतृ संगीता केसीको उपस्थिती रहेको थियो । वडाध्यक्ष मगरको गत मंसिर २२ गते निधन भएको थियो ।

## लैङ्गिक.....

जनजाति महिला र अपाङगता भएको महिलाहरुलाई बिषेश प्राथमिकता दिएको छ । तालिममा महिलाहरुमा घट्ने बिभिन्न हिंसाका घटना तथा लैङ्गि हिंसा बारे सचेतना मुलक जानकारीहरु दिईने वडा सचिव भिमा राईले बताईन । बिभिन्न वडाभित्र रहेको टोलबाट महिलाहरुलाई सहभागी गराईएको र सहभागी महिलाहरुले तालिममा लिएको शिक्षालाई अन्य महिलाहरुमा पनि जानकारी पुराउने हिसावले तालिम संञ्चालन गरिने राईले बताइन । वडाले १८ र १९ सम्म ५० जनालाई र २० र २१ सम्म ५० जनालाई गरी ४ दिने तालिमको आयोजना गरेको सचिव राईले बताईन । प्रदेश सांसद सुनिता चौधरीले १३ नं वडा महिलाको क्षेत्रमा निकै अगाडी रहेको बताईन । उनले अब छिटै महिलामैत्रि वडा निर्माण गर्दै महिला हिंसा न्युनिकरणको पहिलो र उदाहरणीय वडाको रुपमा स्थापित हुन प्रेरित गरेको छ । यसै वडाबाट प्रेरित भई त्रियुगा नगरपालिकाका सबै वडाहरुले एक दिन महिलामैत्रि वडा घोषणाको लागि प्रयास गर्ने र यस कार्यमा सफल हुने समेत उनले बताईन । वडा अध्यक्ष चौधरीले महिलाको पिडा महिलाहरुले मात्र बुझ्ने बताउँदै १३ नं वडाले महिलाहरुको क्षेत्रमा बढी भन्दा बढी कार्यक्रमहरु गर्दै आएको बताईन । महिलाहरु सक्षम भएमात्र महिलाहरुको नेतृत्वमा विकास हुने भन्दै महिलाहरु लाई पनि चेतनशिल बनाउँदै नेतृत्वमा अगाडी बढाउन बिभिन्न महिलाहरु सम्बन्धि कार्यक्रमहरु गर्दै आएको अध्यक्ष चौधरीले बताईन । चौधरीले जब सम्म महिलाहरु चेतनशिल, शिक्षित र नेतृत्वमा कम्जोर हुन्छ त्यो बेला सम्म समाज जहिले पनि एक तर्फि हिसावले चलिरहने बताईन । महिलाहरुको समस्या र अवस्थालाई बुझ्न महिलानै खडा हुनु पर्ने हँदा महिलाहरु अब ठाउँ ठाउँमा नेतृत्व सम्हाल्न जरुरी रहेको बताईन । महिला र पुरुष एक दिन जब अधिकारको बराबरीमा पुग्छ त्यो बेला मात्रै समाजमा समनता स्थापित हुने अध्यक्ष चौधरीले बताइन । उनले हरेक बर्ष महिलाहरुलाई बिभिन्न क्षेत्रमा कृषि, व्यापार व्यवसाय, सिप, नेतृत्व बिकास, क्षेमता बृद्धि जस्ता थुप्रै शिर्षकमा वडाले कार्यक्रमको अयोजना गरिसकेको बताइन ।

ॐ रौतारानी हाउस एण्ड सूप्लायर्स
डिएम् गेट ११, गाईघाट



सम्पर्क नं.
९८०२३११९१२१
९८०२३१९११९ / ९८०२३१९१२०
यहाँ पुरानो मोटरसाईकल उचित मुल्यमा खरिद विक्री गरिनुका साथै मर्मत सम्भार पनि गरिन्छ

दिपक तथा ऋद्धि सिद्धि ज्वेलर्स
हाम्रो सेवाहरू :
यहाँ बिना रसायन पारम्परिक र आधुनिक दुवै किसिमको गरगहना ग्राहकको अर्डर बमोजिम बनाउनुका साथै उचित मूल्यमा खरिद-विक्री गरिन्छ ।
प्रोपाईटर
दिपक सोनी
साथै
दिपक भाडा पसल
यहाँ कुकर, फिल्टर, राईस कुकर, काशका थाल, बोटुका, स्टीलका भाडाकुडा, पितलका खड्कुला,तामाका गाग्री,सिल्वरका भाडा आदी सुपथ मुल्यमा विक्री गरिन्छ ।
सम्पर्क नं.- ०३५-४२०३०२

Scanned with CamScanner